# लिचीको पात गुजुमुज्ज पार्ने सुलसुले

## समस्याको पहिचान

यो कीरा एकदमै सानो, लगभग १५ मिमि लामो, सेतो रङको हुन्छ, जुन पातहरूको सतह मुनि बस्छ। यो सुलसुलेलाई नाङ्गो आँखाले मुस्किलले देख्न सकिन्छ। निम्फ र वयस्क दुवैले पातहरूको तल्लो सतहबाट रस चुस्छन् । पातहरू गुजुमुज्ज भै खैरो मखमली रङमा बदलिन्छन्। पातमा खाडलहरू बन्छन्, गाँठाहरूको विकास हुन्छन् र अन्तमा पातहरू बटारिएर सुक्छन्।

## समस्याको पृष्ठभूमि

यो सुलसुलेको आक्रमण फागुन/चैत महिनामा शुरु हुन्छ र अधिकतम क्षति असार/श्रावण महिनामा हुन्छ। यी सुलसुलेहरुले बढ्दै गरेका साना रूखहरू र वयस्क रूखहरूको पालुवामा असर पुर्‍याइ नयाँ वृद्धि प्रायः प्रभावित पार्छन्। यसको माउ सुलसुले पातको कोपिलै अवस्थामा फुल पार्दछ। ती फूलबाट ३-४ दिनमै लार्भाहरु निस्केर पात खान शुरु गरी पूर्ण पातको विकास हुन अगावै पातलाई नोक्सानी पुर्‍याउँदछन् । पातमा भएको रस चुसिसकेपछि पात बटारिन्छ र कीराले खाएको ठाउँमा खैरो भुवा जस्तो पदार्थको विकास हुन्छ।



चित्र १. सुलसुलेबाट ग्रसित लिचीको पात
(Photo by Scot Nelson (CC BY- SA))



चित्र २. सुलसुले लिचीको पात गुजुमुज्ज बनाएको
(Photo by Scot Nelson (CC BY- SA))



चित्र ३. सुलसुलेले गर्दा लिचीको पातमा गाँठा परेको
स्रोत: https://www.inaturalist.org/observations/119792365

## व्यवस्थापन

- सुलसुलेको समस्या बढन नदिन समय समयमा अनुगमन गर्ने ।
- लक्षणहरू देखापरेका संक्रमित पातहरू र हाँगाहरू (विशेषगरी जेठ/असार महिनामा) काँटछाँट गरी जलाउने ।
- स्वस्थ बोटबिरुवाको वृद्धिका लागि र सुलसुलेको प्रकोप कम गर्न उचित दुरी र सुर्यको प्रकाश पर्याप्त पर्ने ठाउँ सुनिश्चित गर्ने ।
- पहिलो मनसुनी वर्षापछि सुलसुले लगायत कीराको संख्या कम गर्न जरा भएको ठाउँ वरिपरि क्यास्टर केक र निम केक लगाउने।
- गाईको मुत्र र निमको झोल मिसाइ लिचीको बोटमा स्प्रे गर्ने।
- मित्रजीवहरू जस्तै *Phytoseiid mites*, anthocorid bugs, ladybird beetles (*Stethorus punctum*), lacewings, assassin bugs, and parasitic wasps प्रयोग गर्ने ।
- नयाँ पालुवा आएपछि हेक्जिथियानोक्स वा फेनपाइरोजी वा प्रोपरजाइट ५७% इसी (किंगमाइट, अमाइट) ३ एमएल प्रति लिटर पानीमा मिसाई छर्ने।

## सन्दर्भ सूची


- Srivastava, K., Patel, R. K., Kumar, S., & Singh, S. K. (2021). Management options for litchi fruit & shoot borer, Conopomorpha sinensis: Prospects and challenges. Annals of Plant Protection Sciences, 29(1), 46-50.
- Subedi, R.C. (2012). Litchi mites. pwkb.20147801448, PlantwisePlus Knowledge Bank, doi:10.1079/pwkb.20147801448, CABI International.
- Agriculture and Livestock Diary. (2081). Agriculture Information and Training Center, Hariharbhawan, Lalitpur.
- https://www.horticulture.com.au/globalassets/hort-innovation/resource-assets/ly19001-pest-disease-field-guide.pdf


**Scientific name: *Aceria litchii* (Keifer) (Acari: Eriophyidae)**

विषादीको प्रयोग गर्दा नाक, मुख, आँखा, कानका साथै पुरै शरीरको छाला छोपिने गरी सुरक्षित पहिरन लगाउनु पर्दछ। विषादीको लेवल राम्रोसँग अध्ययन गरी प्रयोग गर्ने मात्रा, पटक र प्रयोग पछि बाली टिप्ने समय राम्रोसँग ख्याल गर्नु पर्दछ। विषादी चर्को घाम वा हावा लागेको समयमा छर्कन हुँदैन।


तयारकर्ता

**श्री कविता सुवेदी,** बाली संरक्षण अधिकृत,
कृषि विभाग, हरिहरभवन, ललितपुर
**श्री स्तुती आचार्य,** बाली संरक्षण अधिकृत,
प्लाण्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र, हरिहरभवन

सम्पादक

**डा. हिराकाजी मानन्धर**
एनपिडिए, काठमाण्डौ
**डा. रेशमबहादुर थापा**
कृषि तथा वन विज्ञान विश्वविद्यालय, रामपुर, चितवन



प्रकाशक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**कृषि विभाग**
हरिहरभवन, ललितपुर
फोन: +९७७-१-५४२१३२३/५४२१६४८
Email: doa.agri2014@gmail.com, ppd.doa2020@gmail.com
Website : www.doanepal.gov.np